## सुरक्षा जर्नल २०८१ वर्ष ५ अङ्क १ को लागि लेख रचना उपलब्ध गराईदिने सम्बन्धी सूचना

रक्षा मन्त्रालयले चालु आ.व. २०८१/०८२ मा नेपालको सुरक्षा र सुरक्षासँग सम्बन्धित समसामयिक विषयहरुलाई समेटीएको अनुसन्धानमूलक सुरक्षा जर्नल, २०८१ वर्ष ५ अङ्क १ प्रकाशन गर्न गइरहेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं । उक्त जर्नलमा नेपालको समसामयिक सुरक्षा तथा प्रतिरक्षाको साथै राष्ट्रिय सुरक्षाका दृष्टिले महत्वपूर्ण विषयहरुका अतिरिक्त सीमा सुरक्षा र व्यवस्थापन, राष्ट्रिय सुरक्षा प्रणाली, मुलुकको आन्तरिक तथा बाह्य सुरक्षामा नेपाली सेना लगायत विभिन्न सुरक्षा निकायहरुले खेलिरहेका भूमिका तथा वर्तमान समयमा राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सबल र सुदृढ बनाउन गरिनुपर्ने सुधारका विषयहरुमा सम्बन्धित क्षेत्रका विशिष्ट विद्वान, पेशाकर्मी, अनुसन्धानकर्मी, वरिष्ठ सुरक्षा तथा प्रशासनविद र प्राज्ञिक व्यक्तित्वहरुबाट तथ्य र प्रमाणमा आधारित अनुसन्धानमूलक लेख रचनाहरु समेट्ने प्रयास गरिने छ। नेपालको सुरक्षा, सुशासन वा सुरक्षासँग सम्बन्धित समसामयिक विषयलाई आधार बनाई आफ्नो विज्ञता रहेको कुनै एक विषयमा इच्छुक महानुभावहरुले कम्तीमा तीन हजारदेखि बढीमा पाँचहजार शब्दसम्मको लेख रचना तयार गरी आफ्नो पासपोर्ट साइजको फोटो र पान नं. सहित २०८१ मंसिर मसान्तसम्ममा यस मन्त्रालयमा प्राप्त हुने गरी उपलब्ध गराइदिनुहुन अनुरोध छ । साथै, लेख रचना नेपालीमा भए नेपाली युनिकोडको कालिमाटी फन्ट १२ र अंग्रेजीमा भए Times New Roman फन्ट ११ साइजमा Microsoft Word मा टाइप गरी सोको सफ्टकपी समेत मन्त्रालयको निम्न ठेगानामा प्राप्त हुने गरी पठाइदिनुहुन अनुरोध छ ।प्राप्त हुन आएका लेख रचनाहरुको छनौट गरी प्रकाशन गर्ने अधिकार मन्त्रालयमा सुरक्षित रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

रक्षा मन्त्रालय, सिंहदरवार,
काठमाडौं ।
इमेलः **info@mod.gov.np**
मितिः २०८१/०६/२१

थप जानकारीका लागि सम्पर्कः
सुशिल रावल
कम्प्यूटर अधिकृत
९८४०४९४७८९